# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्ष ५८ | २०८२ साउन-मंसिर | अङ्क १


## शिक्षा तथा अनुसन्धान क्षेत्रमा सहकार्य

त्रिभुवन विश्वविद्यालय र पेकिङ विश्वविद्यालयले शिक्षा तथा अनुसन्धानको क्षेत्रमा सहकार्य गर्नेबारे छलफल गरेका छन् ।

एसियाको एक उत्कृष्ट शैक्षिक तथा अनुसन्धान श्रेणीमा गनिने पेकिङ विश्वविद्यालयका उपाध्यक्ष प्राध्यापक डा. निङ की (Ning Qi)को प्रमुख आतिथ्यमा काठमाडौंमा साउन २५ गते सम्पन्न अन्तरक्रिया कार्यक्रममा दुवै विश्वविद्यालयका शैक्षिक निकाय र अनुसन्धान केन्द्रको सहकार्यबाट चीन र नेपालबीच प्राज्ञिक ज्ञान, अनुभव र अनुसन्धानको नतीजा आदान-प्रदान गरिने विषयमा छलफल भएको हो । छलफलमा त्रिविका उपकुलपति प्रा.डा. दिपक अर्यालले त्रिभुवन विश्वविद्याल र पेकिङ विश्वविद्यालयबीच प्राध्यापक, अनुसन्धानकर्मी र विद्यार्थी तहमा स्थापित सम्बन्धलाई संस्थागत रूपमा अघि बढाउने काम प्रारम्भ भएको



*चीनको पेकिङ विश्वविद्यालयका प्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रमका क्रममा त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरू ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

बताउनु भयो भने उपाध्यक्ष कीले त्रिभुवन विश्वविद्यालयसँग थप सहकार्य गर्न पेकिङ विश्वविद्यालय उत्सूक रहेको जनाउनु भयो ।

त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीले प्राज्ञिक तथा अनुसन्धानको क्षेत्रमा पेकिङ विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयबीच हुने सहकार्यबाट दुवै संस्थाले आ-आफ्नो विशिष्ट अनुभव आदान-प्रदान गर्ने र यसबाट विज्ञान एवम् सामाजिक विज्ञानका क्षेत्रमा थप योगदान गर्न सकिने स्पष्ट गर्नुभयो । उहाँको भनाइ थियो, "बदलिँदो भूराजनितिक परिस्थिति र परिवर्तनका कारण पनि नेपाल र चिनिया विश्वविद्यालयबीच सहकार्य बढाउनुपर्ने आवश्यकता देखिएको छ ।"

त्रिविका रजिष्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले समग्र मानव कल्याण र देशको आर्थिक-सामाजिक विकासका लागि पेकिङ विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयबीच सहकार्य गर्न सकिनेमा जोड् दिँदै भन्नुभयो, "नेपाली विद्यार्थी पश्चिमा देशहरूमा अध्ययन गर्न गए भने उतै हराउने र बौद्धिक पलायन हुने समस्या छ । तर चिनिया विश्वविद्यालयहरूसँगको सहकार्यबाट हुने विद्यार्थी आदान-प्रदानले बौद्धिक पलायनसमेत् रोक्न मद्दत गर्नेछ भन्ने मलाई लाग्दछ ।"

कार्यक्रममा त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक प्रा.डा. पशुपति अधिकारी एवम् काठमाडौं सेन्टर फर रिसर्च एण्ड एजुकेशन (KCRE)का उपनिर्देशक डा. विनोद दवाडी सहभागी हुनुहुन्थ्यो । त्यसैगरी पेकिङ विश्वविद्यालयका तर्फबाट प्राध्यापक लि शुजिङ (Li Shujing), वैदेशिक भाषा स्कूल परिषद (Council of School of Foreign Languages)का सभापति प्रा. वु जिवेइ (Wu Jiewei), वैदेशिक भाषा स्कूलका उपडीन प्रा. वाङ हाओ (Wang Hao), सहप्राध्यापक वाङ शु (Wang Xu), सहप्राध्यापक झाङ शिङ (Zhang Xing), सहप्राध्यापक शि यूए (Shi Yue), सहायक प्राध्यापक झाङ याबिङ (Zhang Yabing) को उपस्थिति थियो ।

# कानून सङ्काय भवन उद्घाटन

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक अर्यालले त्रिवि कानून सङ्कायको नवनिर्मित भवन उद्घाटन गर्नुभएको छ । रू.५ करोड ३६ लाख २३ हजार २२४ रूपैयाँको लागतमा निर्मित ६ वटा स-साना भूकम्प प्रतिरोधी भवनबाट सङ्कायको डीन कार्यालयले विगत १३ महिनादेखि आफ्नो शैक्षिक एवम् प्रशासनिक क्रियाकलाप सञ्चालन गरिरहेको थियो ।

साउन १४ मा आयोजित भवन उद्घाटन कार्यक्रममा उपकुलपति अर्यालले सबै अध्ययन संस्थान एवम् सङ्कायहरूको आ-आफ्नो छुट्टै कार्यालय निर्माण गरिने योजनाबारे बताउनु भयो । देशमा कानून शिक्षाको विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने सम्पूर्ण पूर्वज प्राध्यापकहरूलाई स्मरण गर्दै उहाँले भन्नुभयो, "देशको कानुनी शिक्षाको स्तर अझै माथि उठाउनु र प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ । कानूनको महत्व र यस क्षेत्रको गरिमाबारे हामी परिचित छौं । विश्वविद्यालयको नियमानुसार यसको विकास र उन्नयनका लागि सहयोग गर्नेछौं ।"

कार्यक्रममा कानून सङ्कायका डीन प्रा.डा. कृष्णप्रसाद बस्यालले कानुनी शिक्षाको ऐतिहासिक पृष्ठभूमिमाथि प्रकाश पार्दै भन्नुभयो, "वि.सं. १९६२ सालमा श्रेस्ता पाठशालाबाट नेपालमा कानुनी शिक्षाको औपचारिक प्रारम्भ भएको थियो । २०११ सालमा स्थापना भएको नेपाल ल कलेज २०१६ सालमा त्रिभुवन विश्वविद्यालयमा गाभियो । त्यसपछि त्रिविको आङ्गिक क्याम्पसको रूपमा स्थापित नेपाल ल क्याम्पसमा २०३० सालदेखि प्रमाणपत्र, २०४२ देखि स्नातक र २०५४ देखि स्नातकोत्तर तहमा अध्ययन-अध्यापन शुरू भएको हो । हाल प्रमाणपत्र तह खारेज भएको छ र स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहमा क्रमशः १८००, २७० र ६२ जना विद्यार्थी-शोधार्थी अध्ययनरत छन् ।"

कुल १३४ दरवन्दी भएको कानून सङ्कायमा हाल ३६ जना स्थायी शिक्षक मात्र भएकाले कानून अध्ययन-




*कानून सङ्कायको नवनिर्मित भवन उद्घाटन गर्दै त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक अर्याल ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

अध्यापनको काम कठिन र चुनौतिपूर्ण भएको उल्लेख गर्दै डीन बस्यालले उपकुलपतिसमक्ष यथासक्य शिक्षक उपलब्ध गराउन सहयोग गरिदिनुहुन अनुरोध गर्नुभयो ।

कार्यक्रममा सङ्कायका पूर्वडीनहरू प्रा.डा. ताराप्रसाद सापकोटा र प्रा.डा. विजयसिंह सिजापतिलाई सम्मान समेत् गरिएको थियो ।

# सिनासको ५४ औं वार्षिक दिवस

त्रिभुवन विश्वविद्यालय, नेपाल र दक्षिण एसियाली अनुसन्धान केन्द्र (सिनास) को ५४ औं वार्षिक दिवस कार्यक्रम साउन १ गते सम्पन्न भएको छ ।

कीर्तिपुरस्थित केन्द्रको अस्टाबक्र हलमा आयोजित वार्षिक दिवस समारोहलाई सम्बोधन गर्दै त्रिवि उपकुलपति प्रा.डा. दिपक अर्यालले विज्ञानलाई समाजशास्त्र र मानवशास्त्रका दृष्टिकोणबाट समेत् अध्ययन गर्न र यसका खोज, अनुसन्धान र आविष्कारलाई हाम्रो सामाजिक जीवन एवम् भाषा, सँस्कृति र मूल्यमान्यतासँग जोडेर सामाजिक अन्तरक्रियालाई सशक्त बनाउन विज्ञान अध्येताहरूलाई प्रेरित गर्नुपर्नेमा जोड् दिनुभयो ।

त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. घनश्याम भट्टराईले नेपालसँगै छिमेकी दक्षिण एसियाली मुलुकहरूको प्राज्ञिक चेतना युक्त अध्ययन-अनुसन्धान गर्ने ऐतिहासिक गरिमा बोकेको सिनासले अहिले व्याप्त शिथिलतालाई सक्रियतामा परिणत गर्न र अनुसन्धानको दायरा, पद्धति तथा भूमिका विस्तार गर्दै मुलुकको महत्वपूर्ण र स्वायत्त थिङ्कट्याङ्कको भूमिकामा फर्कन अनुरोध गर्नुभयो ।

केन्द्रका कार्यकारी निर्देशक सहप्राध्यापक मृगेन्द्र बहादुर कार्कीले सिनास नेपाल र दक्षिण एसियाली समाज तथा सँस्कृति अध्ययनको पर्याय रहेको स्पष्ट गर्दै भन्नुभयो, "समय र परिस्थितिमा आएको बदलावले सिनासको राष्ट्रिय भूमिकामा देखिएको

अन्यौल तथा विश्वविद्यालयको न्यून प्राथमिकता र बेवास्ताका कारण भोग्दै आइरहेको असहज परिस्थितिमा विगतको महत्व, क्षमता र लगानी मात्रै हेरेर हुँदैन । विगतमा सिनासमा ७५ जना प्राध्यापक अनुसन्धानमा क्रियाशील हुने गर्दथे, हाल पाँच-सात जना छन् । अनुसन्धान केन्द्रको भूमिका विस्तार गर्न र यसलाई चलायमान बनाउन सिनासलाई शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति समेत् दिन त्रिवि नेतृत्वले ध्यान दिनुपर्दछ ।"

अक्सफोर्ड विश्वविद्यालयका नेपाल अध्येता प्रा. ड्याभिड गेल्नेर (David Gellner) ले नेपालको कला, सँस्कृति र यसका विविध पक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभएको वार्षिक दिवस कार्यक्रममा त्रिवि सेवा आयोगका सदस्य प्रा.डा. अजय भट्टराई, विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. शंकर प्रसाद खनाल, सिनासका पूर्व कार्यकारी निर्देशक प्रा.डा. निर्मलमान तुलाधरले शुभकामना व्यक्त गर्नुभएको थियो ।

समारोहमा मानविकी तथा सामाजिकशास्त्र सङ्कायका डीन प्रा.डा. दुविनन्द ढकालद्वारा लिखित *Purbiya Raji Grammar* र अंग्रेजी साहित्यका प्रा.डा. कृष्णचन्द्र शर्माद्वारा लिखित *Trend and Tradition of Nepali Folk Literature* नामक पुस्तकहरूको विमोचन समेत् भएको थियो ।




*वार्षिक दिवसको अवसरमा सिनासबाट प्रकाशित कृतिहरूको विमोचन गर्दै उपकुलपति प्रा.डा. दिपक अर्याल ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

# डिजिटाइज हुँदैछन् त्रिविका पुस्तकालय

त्रिवि केन्द्रीय पुस्तकालयले २०६५ सालदेखि मनाउँदै आएको पुस्तकालय दिवसको अठारौं श्रृङ्खला यस वर्ष 'हाम्रो पुस्तकालयः हाम्रो भविष्य' भन्ने नाराका साथ मनाएको छ ।

भदौ १३ गते त्रिवि केन्द्रीय पुस्तकालयद्वारा आयोजित पुस्तकालय गरेको छ ।"

कार्यक्रममा विज्ञान तथा प्रविधि अध्ययन संस्थानका पूर्व डीन प्रा.डा. विनिल अर्यालले Navigating the Global and Local in Academic Publishing शीर्षकको कार्यपत्र प्रस्तुत गर्दै नेपालमा अनुसन्धान लेखन र प्रकाशनको वर्तमान गुणस्तर, प्रकाशन आवृत्ति, नैतिक मापदण्ड, सामग्री गुणस्तर, अनुक्रम र दृश्यतामा सुधार गर्नुपर्ने देखिन्छ ।"

मानवशास्त्र केन्द्रीय विभागका सहप्राध्यापक डा. मनबहादुर खत्रीले कार्यक्रममा Elevating NepJoL and Dhaulagiri Journal of Sociology




*पुस्तकालय दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उपकुलपति प्रा.डा. दिपक अर्याल ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

दिवस समारोहलाई सम्बोधन गर्दै त्रिवि उपकुलपति प्रा.डा. दिपक अर्यालले त्रिभुवन विश्वविद्यालयका विभिन्न क्याम्पस–कार्यालयका पुस्तकालयलाई डिजिटाइज गरेर प्रविधिको प्रयोग र विस्तारमा जोड दिने स्पष्ट गर्नुभएको छ । सो अवसरमा उहाँले भन्नुभयो, "पुस्तकालय ज्ञान र इतिहासको धरोहर हो । पुस्तक अध्ययन, अनुसन्धानात्मक जर्नल प्रकाशन र पुस्तकालयको विकासमा केन्द्रीय पुस्तकालयले महत्वपूर्ण योगदान

अवस्था तथा नेपाली र अन्तरराष्ट्रिय जर्नलहरूको समीक्षा गर्नुभयो। उहाँको भनाइ थियो, "नेप्जोलमा सूचीबद्ध ५१ हजार ६५४ अनुसन्धानात्मक लेखमध्ये ५० हजार ८५८ वटा सबैको पहुँचमा छन् भने विश्वव्यापी पहुँच भएको Scopus मा अबद्ध ३१ हजार जर्नलमध्ये नेपालमा ६ वटा मात्रै रजिष्ट्र्ड र पहुँचयोग्य छन् । नेप्जोलमा सूचीबद्ध जर्नलहरूको पहुँच फराकिलो भए पनि सहकर्मी समीक्षा प्रक्रिया, सम्पादकीय

and Anthropology M A Roadmap to Scholarly Indexing and Journal Ranking शीर्षकको कार्यपत्र र पोटेन्ट मिडिया होमका कार्यकारी निर्देशक सुरेश रिजालले Journal Management & Research Indexing Platform for Tribhuvan University शीर्षकको कार्यपत्र प्रस्तुत गरी अनुसन्धानमूलक लेख लेख्ने तरिका, प्रकाशन विधि र प्रक्रियाहरूबारे विस्तृत जानकारी गराउनु भयो ।

# उपकुलपतिको सम्मानमा कार्यक्रम

त्रिभुवन विश्वविद्यालय जल तथा मौसम विज्ञान केन्द्रीय विभागले त्रिविका नवनियुक्त उपकुलपति तथा विभागका पूर्वसहकर्मी प्रा.डा. दिपक अर्यालको सम्मानमा विशेष कार्यक्रम आयोजना गरेको छ । साउन ९ गते कीर्तिपुर स्थित विभागको कार्यालयमा आयोजित कार्यक्रममा विभागीय प्रमुख प्रा.डा. टेक बहादुर क्षेत्रीले नवनियुक्त उपकुलपति अर्याललाई सम्मानपत्र प्रदान गर्नुका साथै उहाँको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दै विश्वविद्यालयको पदमा नियुक्त नहुँदासम्म यसै विभागमा कार्यरत हुनुहुन्थ्यो । २०५२ सालमा शिक्षण सहायक, २०५४ मा सहायक प्राध्यापक, २०६६ देखि २०६७ सम्म सहप्राध्यापक र २०६८ देखि प्राध्यापक पदमा कार्यरत उपकुलपति अर्यालले २०७१ मा त्रिभुवन विश्वविद्यालयबाटै विद्यावारिधि गर्नुभएको हो ।

जल तथा मौसम विज्ञान विभागले उहाँकै नेतृत्वमा गुणस्तर प्रत्यायन प्राप्त गर्नुका साथै अन्तरराष्ट्रिय सम्बन्ध एवम् प्रविधिको विस्तार सहित् विभागको आधुनिकीकरणमा उल्लेख्य उपलब्धि हासील गरेको जनाएको खट्नेछु । यस अवसरमा म विभागको स्थापनाकालदेखि योगदान गर्ने पूर्व विभागीय प्रमुखहरूको भूमिकाको पनि स्मरण गर्न चाहन्छु ।"

कार्यक्रममा विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. शङ्कर प्रसाद खनाल, जल तथा मौसम विज्ञान केन्द्रीय विभागका पूर्वविभागीय प्रमुख प्रा.डा. खड्ग बहादुर थापा, दक्षिण एसियाली जल तथा मौसम विज्ञान समाजका महासचिव प्रा.डा. सोमेश्वर दास, नेपाल सरकारका सचिव सर्जुकुमार वैद्य, जल तथा मौसम



*जल तथा मौसम केन्द्रीय विभागद्वारा आयोजित सम्मान कार्यक्रममा उपकुलपति प्रा.डा. दिपक अर्याल ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

सवाङ्गीण विकासमा विशेष योगदान गर्न अनुरोध गर्नुभयो ।

त्रिचन्द्र क्याम्पसबाट २०४३ सालमा काम गर्न शुरू गरेको जल तथा मौसम विज्ञान केन्द्रीय विभागमा हाल ३४ औं ब्याचका विद्यार्थी अध्ययनरत छन् । उपकुलपति अर्याल ३० वर्षदेखि वर्तमान छ । सम्मान कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उपकुलपति प्रा.डा. अर्यालले भन्नुभयो, "विभागमा झैं विश्वविद्यालयमा पनि एउटा योग्य र सक्षम टिम प्राप्त भएको छ । सबैको साथ र समर्थनबाट विश्वविद्यालयलाई नेतृत्व प्रदान गर्ने एवम् यसको समग्र विकास तथा प्राज्ञिक उन्नयनका लागि दिनरात विभागका उपमहानिर्देशक डा. अर्चना श्रेष्ठले शुभकामना तथा बधाइ ज्ञापन गर्नुभएको थियो । साथै जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक डा. विनोद दवाडीले नवनियुक्त उपकुलपति अर्यालको व्यक्तित्वबारे जानकारी गराउनु भएको थियो ।

# होटल उद्योगमा कोभिड-१९ को प्रभाव

त्रिभुवन विश्वविद्यालय आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (सेडा)ले नेपालको होटल उद्योगमा कोभिड-१९ महामारीको प्रभावसम्बन्धी अनुसन्धान प्रतिवेदन तथा त्यसमा उल्लेख भएका



*सेडाद्धारा आयोजित अनुसन्धान प्रतिवेदन सम्बन्धी नीतीगत सुझाव कार्यक्रम ।*

*तस्वीर : सूचना तथा जनसम्पर्क महाशाखा*

नीतिगत सुझावहरू सार्वजनिक गरेको छ । भदौ ६ गते सेडाहलमा आयोजित अनुसन्धान प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रममा मुख्य अनुसन्धानकर्ता मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. ध्रुब कुमार गौतम तथा सहअनुसन्धानकर्ता प्रा.डा. अर्हन स्थापित र डा. प्रकाश कुमार गौतम उपस्थित हुनुहुन्थ्यो ।

अनुसन्धानले कोभिड-१९ महामारीको समष्टिगत आर्थिक प्रभाव, होटल उद्यमीहरूको मनोवैज्ञानिक स्वास्थ्य र उद्यमशील मनशायमा परेको प्रभाव, महामारीको अवधिमा पर्यटन उद्योगमा आएको सङ्कट र त्यसको व्यवस्थापन, पुनरूत्थान र दिगोपनालाई सम्बोधन गर्न अवलम्बन गरिएका नीति, रणनीति तथा योजनाहरूको समीक्षा एवम् तिनमा भएका कमीकमजोरीलाई समेटेको छ ।

डा. गौतमले अनुसन्धानबारे जानकारी दिँदै यसले समेटेको क्षेत्रका विषयमा प्रकाश पार्नुभयो । उहाँका अनुसार, सेडाले देशका सातवटै प्रदेशका ४९९ होटललाई समेटेर कोभिड-१९ को क्रममा समग्र होटल व्यवसायमा परेको प्रभावबारे अनुसन्धान गरेको थियो । अनुसन्धानमा अवलोकन, सर्भेक्षण, वर्णनात्मक विधिहरू अपनाइएको थियो । सर्भेक्षणमा ७७ महिला र ४२२ पुरूष सहभागी थिए । अनुसन्धानले देशको कुल गार्हस्थ वृद्धि, आयात-निर्यात र रोजगारी तथा उद्यमीहरूको मनोविज्ञानमा परेको प्रभावको आकलन गरेको छ ।

अनुसन्धानले रोजगारदातामा देखिएको तनाव, थकान, संगठनात्मक असहयोग, व्यावसायिक पलायन

आदिलाई ध्यानमा राखेर उनीहरूका लागि सङ्कट व्यवस्थापन तालिम र प्रोत्साहनका कार्यक्रम ल्याउन सम्बद्ध पक्षहरूको ध्यान आकर्षित गरेको छ । पर्यटन नीतिमा सङ्कटमा काम गर्ने तरिका, जोखीम विविधीकरण, लजिस्टिक व्यवस्थापन लगायत्का विषयलाई पनि सम्बोधन गर्न जोड् दिएको छ ।

कार्यक्रममा प्राध्यापक, होटल व्यवसायी, उद्यमी र अनुसन्धानकर्मीहरूको उपस्थिति थियो ।

# शान्ति निर्माणका समसामयिक चुनौती

त्रिभुवन विश्वविद्यालय द्वन्द्व, शान्ति तथा विकास केन्द्रीय विभाग र प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपालको आयोजनामा 'शान्ति निर्माणमा समसामयिक चुनौती' विषयक सेमिनार सम्पन्न भएको छ ।

बानेश्वरस्थित अल्फाहाउसमा आयोजित सेमिनारको उद्घाटन गर्दै नेपाल सरकारका गृहमन्त्री रमेश लेखकले द्वन्द्व सर्वव्यापी रहेको र द्वन्द्वका प्रकृति, कारक र अवस्था समयानुकूल फरक-फरक हुने बताउनु भयो । उहाँको भनाइ थियो, "आन्तरिक द्वन्द्व र कलह क्रमशः विस्तारित हुँदै गयो भने समुदायस्तरमा फैलन्छ र राष्ट्रिय-अन्तरराष्ट्रिय स्तरसम्म



'शान्ति निर्माणमा समसामयिक चुनौती' विषयक सेमिनारको उद्घाटन गर्दै गृहमन्त्री रमेश लेखक तथा त्रिवि उपकुलपति प्रा.डा. दिपक अर्याल ।

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

भदौ ८ मा आयोजित सेमिनारको पहिलो सत्रमा पूर्वनिर्वाचन आयुक्त भोजराज पोखरेल, पूर्वमन्त्री विद्याधर मल्लिक, पूर्वसहसचिव जनकराज जोशी, प्रा.डा. कुशुम शाक्य तथा दोश्रो सत्रमा नेपाली कांग्रेसका नेता डा. मिनेन्द्र रिजाल, नेकपा एमालेका सचिव प्रदिपकुमार ज्ञवाली, माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा सांसद रेखा शर्मा र नेपाल समाजवादी पार्टीका नेता मनिष सुमनले द्वन्द्व र शान्ति निर्माणका बारेमा आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

पुग्दछ । द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्न नेपालले विश्वमै अनुकरणीय कार्य गरेको छ । माओवादी सशस्त्रद्वन्द्वको अवस्थामा हामीले प्रारम्भिक वार्ता र सम्वादमा कतिपय विषयहरू मिल्नै नसक्ने अनुभूति गरेपनि समयसँगसँगै द्वन्द्वका विषयहरू रूपान्तरित हुँदै जाने अनुभव गरेका थियौं ।" मन्त्री लेखकले त्रिभुवन विश्वविद्यालयलाई सडक दुर्घटना, आत्महत्या र लागूपदार्थ दुर्व्यसन लगायत्का विषयमा पनि गृहमन्त्रालयको सहकार्यमा अनुसन्धान गर्ने प्रक्रिया मिलाउन अनुरोध गर्नुभयो ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक अर्यालले वार्ता, सम्वाद र सहकार्यबाट सबै किसिमका द्वन्द्व समाधान हुने र द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्न नैतिकता सबैभन्दा महत्वपूर्ण हुने धारणा व्यक्त गर्दै द्वन्द्व, शान्ति तथा विकास अध्ययन केन्द्रीय विभागले छोटो समयमा निकै मेहनत गरी आफ्नो विशिष्ट पहिचान निर्माण गर्न सकेकोमा आफू निकै प्रभावित भएको बताउनु भयो ।

कार्यक्रममा मानविकी तथा सामाजिकशास्त्र सङ्कायका डीन प्रा.डा. दुविनन्द ढकाल तथा प्राकृतिक श्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपालका कार्यकारी निर्देशक चुपबहादुर थापाले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको सहजीकरण द्वन्द्व, शान्ति तथा विकास केन्द्रीय विभागका विभागीय प्रमुख डा. पिताम्बर भण्डारीले गर्नुभएको थियो ।

## संस्कृत विभागमा 'पुरस्कार तथा कृतज्ञताज्ञापन' कार्यक्रम

त्रिभुवन विश्वविद्यालय, संस्कृत केन्द्रीय विभागले भदौ ६ गते 'पुरस्कार तथा कृतज्ञताज्ञापन कार्यक्रम' सम्पन्न गरेको छ । कार्यक्रम ललितपुर महानगरप्रति कृतज्ञताज्ञापन तथा योगविज्ञानको अधिस्नातक (PGD) तहमा सर्वोत्कृष्ट छात्र-छात्रालाई पुरस्कार अर्पणमा केन्द्रित थियो ।

कार्यक्रमको शुरूवात दीपप्रज्ज्वलन र वैदिक मन्त्रपाठसँगै रूद्राक्ष, खादा र ब्याचवितरणबाट अतिथिसम्मान तथा राष्ट्रगानबाट भएको थियो । त्यसपछि चौथो सत्रका सुमन चालिसेको टोलीको मन्त्रवाचन, विभागकै योगशिक्षक एवम् छात्रवृत्ति कार्यक्रम संयोजक डा. क्षितिज बराकोटीको स्वागत सम्बोधन र दोस्रो सत्रका अनिल थापाको स्वागतभजन प्रस्तुत भएको थियो । कार्यक्रममा टङ्कप्रसाद पन्थी, मीना राउत, कविता पाठक, विकला घिमिरे, सुमन आचार्य, सिर्जना श्रेष्ठ, आरती ढकाल र ज्ञानु घिमिरेले योग-नृत्य तथा योगिक आसन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि तथा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन, प्रमुख अभिभावक त्रिवि उपकुलपति प्रा.डा. दिपक अर्याल तथा सभाध्यक्ष नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा. नारायण प्रसाद गौतमले संयुक्त रूपमा शैक्षिक वर्ष २०७९/८० को अधिस्नातक तह प्रथम सत्रकी सर्वोत्कृष्ट छात्रा अन्जु श्रेष्ठ र दोस्रो सत्रका सर्वोत्कृष्ट छात्र सनतकुमार न्यौपानेलाई ललितपुर महानगरको तर्फबाट जनही रू. ५०,००० नगद पुरस्कार प्रदान गर्नुभएको थियो । पुरस्कृत विद्यार्थीले आ-आफ्नातर्फबाट धन्यवादज्ञापन गर्दै विभागको अभ्यास-केन्द्रित कार्यक्रमले पाएको सामुदायिक सहयोगबारे सन्तोष व्यक्त गरेका थिए ।

समारोहमा सभाध्यक्ष गौतमले ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन एवम् ललितपुर महानगरपालिकाप्रति कृतज्ञतापत्र अर्पण गर्दै कदरपत्र प्रदान गर्नुभएको थियो । त्यसैगरी त्रिविका नवनियुक्त उपकुलपति अर्याललाई विभागका तर्फबाट प्रमुख अतिथि महर्जन र सभाध्यक्ष गौतमले सम्मानपत्र अर्पण गर्नुभएको थियो । विभागका उप-प्राध्यापक रोहिणीराज तिमिल्सिनाले कदरपत्रको तथा समारोहका सञ्चालक उप-प्राध्यापक गोविन्द्र घिमिरेले सम्मान्यत्रको वाचन गर्नुभएको थियो ।

कायक्रममा समारोहका प्रमुख अभिभावक त्रिवि उपकुलपति प्रा.डा. दीपक अर्यालले पूर्वीय ज्ञान-विज्ञानको अध्ययन-अध्यापन सुदृढ गर्न विभागलाई केन्द्रबाट यथावश्यक साथ-सहयोग प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दै भन्नुभयो, "यस क्रममा विभागीय पूर्वाधार, कार्यक्रमको गुणस्तर र अनुसन्धान-

उन्मुख गतिविधिमा संस्थागत सहयोग विस्तार गर्दै पूर्वीय अध्ययन-अध्यापनलाई समसामयिक आवश्यकतासँग जोडेर प्राथमिकताका साथ अघि बढाइनेछ ।"

प्रमुख अतिथि एवम् ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जनले केन्द्रीय विभागमा पी.जी.डी. योगिक साइन्स अध्ययनका लागि ३१ जनालाई उपलब्ध गराएको छात्रवृत्तिबाट उत्पादित जनशक्तिले ललितपुरलाई 'योगमय' बनाउने अभियानमा सार्थक प्रभाव पारेको स्पष्ट गर्नुभयो । यौगिक प्रस्तुति गरेको थियो । विद्यार्थी-प्रतिनिधि ज्ञानभक्त डङ्गोलले विभागको शैक्षिक क्रियाकलाप तथा अभ्यासमूलक अध्ययनमा देखिएको उत्साह र अपेक्षाबारे मन्तव्य राखेका थिए ।

समारोहको समापन 'पूर्णमदः




*ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनलाई सम्मान गर्दै त्रिविका उपकुलपति प्रा.डा. दिपक अर्याल ।*

विश्वविद्यालय-महानगर-समुदायबीचको सहकार्यलाई दीर्घकालीन बनाउन योगिक विज्ञानको दक्ष जनशक्ति उत्पादनमा निरन्तर लगानी गर्ने प्रतिबद्धता व्यक्त गर्दै महानगरले संस्कृत

कार्यक्रममा योगविज्ञान स्नातकोत्तरका छात्राहरू डा. सरू महर्जन, ज्ञानु घिमिरे र एलिसा शाहीले नेवारी नृत्य प्रस्तुत गरेका थिए भने तेस्रो सत्रकी छात्रा जीना श्रेष्ठको टोलीले

पूर्णमिदम्' समापनमन्त्रको पाठसँगै गरिएको थियो । समारोहको अन्तमा सहभागीहरूका लागि चियापान तथा योगिक 'अमृतभोजन'को व्यवस्था गरिएको थियो ।

## अनुरोध

त्रिभुवन विश्वविद्यालय बुलेटिनमा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन त्रिविका डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*

# भूगोल विभागलाई विज्ञान सङ्काय अन्तर्गत राख्ने चर्चा

भदौ २३ गते सम्पन्न त्रिभुवन विश्वविद्यालय भूगोल केन्द्रीय विभागको वार्षिक दिवस समारोहमा त्रिविका उपकुलपति प्रा.डा. दिपक अर्यालले श्री सूर्यलाल अमात्य पुरस्कार वितरण र The Geographical Journal of Nepal, Vol 18, 2025 विमोचन गर्नुभएको छ ।

भूगोल केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. उमेश कुमार मण्डलको अध्यक्षतामा भएको कार्यक्रममा नयाँ पठ्यक्रम, भवन निर्माण, अन्तर्राष्ट्रिय सम्बन्धनलगायत्का विभागका गतिविधिमाथि प्रकाश पार्दै छलफल गरिएको थियो । यस क्रममा पछिल्ला वर्षहरूमा भूगोल विषय विज्ञान सङ्कायका विद्यार्थीहरूको रोजाइमा परिरहेकोले ती विद्यार्थीलाइ विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतको उपाधि उपलब्ध गराउनु पर्ने विषयमा समेत् चर्चा भएको थियो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक अर्यालले प्रमुख अतिथिको रूपमा विभागबाट स्नातकोत्तर तहमा सर्वोत्कृष्ट अङ्क प्राप्त गरी उत्तीर्ण विद्यार्थी सुजाता श्रेष्ठलाई पुरस्कार प्रदान गर्नुका साथै आफूले भूगोल केन्द्रीय विभागका गतिविधिलाई नजिकबाट नियालिरहेको र यस विभागलाइ विज्ञान सङ्काय अन्तर्गत राख्न आवश्यक पहल गर्ने बताउनु भयो । साथै विभागलाई आगामी दिनमा जलवायु परिवर्तनको क्षेत्रमा सहकार्य गर्न र निकट भविष्यमा हुनलागेको जलवायु परिवर्तन सम्बन्धी अन्तरराष्ट्रिय सम्मेलनमा सहभागी हुन आव्हान गर्नुभयो।

मानविकी तथा समाजिकशास्त्र सङ्कायका डीन प्रा.डा. दुविनन्द ढकालले विभागलाइ आवश्यक नीतिगत सहयोग रहने बताउँदै विभाग र पुरस्कृत विद्यार्थीलाई बधाइ ज्ञापन गर्नुभयो। विद्यार्थीहरूलाई विश्वविद्यालय क्याम्पसका प्रिन्सिपल प्रा.डा. अक्कलदेव मिश्रले पनि बधाइ ज्ञापन गर्दै उज्वल भविष्यको कामना गर्नुभयो।

पुरस्कार संस्थापकका तर्फबाट उपस्थित स्वर्गीय प्राध्यापक सूर्यलाल अमात्यका पुत्रद्वय अनिललाल अमात्य र सुनिललाल अमात्यले त्रिवि सेवामा रहँदा र विशेष गरी विश्वविद्यालयको शिक्षाध्यक्ष हुँदा आफ्ना पिताले गर्नुभएको योगदानको स्मरण गर्नुभएको थियो ।



*भुगोल केन्द्रीय विभागबाट प्रकाशित जर्नलको विमोचन गर्दै त्रिविका उपकुलपतिका साथै कार्यक्रमका अन्य अतिथिहरू ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

# शापु रोग सम्बन्धमा अनुसन्धान

कार्तिक २२ गते त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान, बीपी कोइराला लायन्स नेत्र अध्ययन केन्द्रमा "Seasonal Hyperacute Panuveitis -SHAPU- A Blinding Eye Disease: Exploring Connections between Humans (Eyes) and Insects (Moths) " शीर्षकमा भएको अनुसन्धान कार्यको अन्तिम प्रतिवेदन तथा निष्कर्ष सार्वजनिक गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयको राष्ट्रिय प्राथमिकता (National Priority) अन्तर्गत सञ्चालन गरिएको यस अनुसन्धान कार्यको नतिजाअनुसार, विगत ५० वर्षमा नेपालका हजारौं मानिसले 'सिजनल हाइपरएक्युट प्यानुभाइटिस- शापु' नामक विनाशकारी आँखाको रोगबाट दृष्टि गुमाइरहेका छन्। यो महामारी प्रायः मनसून समाप्त भएपछि साउन-भदौताका शुरू भएर हिउँदको प्रारम्भ मङ्सिर-पुसमा उच्चस्तरमा पुग्ने गर्दछ। यो प्रायः बालबालिकामा, एक आँखामा मात्र असर पार्ने, छिटो असर गर्ने र स्थायी अन्धोपन ल्याउने रोग हो। प्रभावित दुई तिहाइ बिरामी पहिलो सम्पर्कमै अन्धा हुन्छन् र बाँकी छिट्टै सुक्खा, विकृत आँखामा परिणत हुन्छन्।

स्वस्थ व्यक्तिमा अचानक शुरू हुनु, एकतर्फी, दुखाइरहित वा हल्का दुख्नु, रातो आँखामा डिस्चार्ज विना सेतो पुतलीभैं प्रतिविम्ब देखिनु शापु रोगका प्रमुख लक्षण हुन् । सेतो पतिंगा (मोथ) सँगको प्रत्यक्ष सम्पर्कले शापुको जोखिम बढाउँछ । पतिंगाका हावामा हुने साना काँडानुमा सँगको अप्रत्यक्ष सम्पर्कले पनि रोग उत्पन्न गर्नसक्दछ । शापु र गाजालिना क्राइसोलोफा नामक सेतो पतिंगाबीचको सम्बन्ध धेरै वर्षदेखि चिनिएको भए पनि रोग कसरी हुन्छ भन्ने ठ्याक्कै कारण अझै स्पष्ट भइसकेको छैन ।

अनुसन्धानका उपरोक्त अन्तिम उपलब्धि सार्वजनिकीकरण कार्यक्रममा प्रमुख अतिथि चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्रा.डा. मोहनराज शर्माले यस किसिमका अनुसन्धानले राज्यलाई नीतिगत रूपमा मार्गनिर्देशन गर्ने र यस्ता अनुसन्धानलाई राज्यले पनि प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउनु भयो । कार्यक्रममा स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले यो अनुसन्धानको परिणाम राज्यका लागि महत्वपूर्ण सम्पत्ति भएको उल्लेख गर्दै शापु रोग निवारणका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तयार रहेको स्पष्ट गर्नुभयो।



*शापु रोगको अनुसन्धान जानकारी आदान प्रदान पछिको सामुहिक तस्विर ।*

त्रिभुवन विश्वविद्यालय अनुसन्धान निर्देशनालयका कार्यकारी निर्देशक प्रा.डा. इश्वर कोइरालाले शापुसम्बन्धी अनुसन्धानले विश्वविद्यालय मात्र नभई सम्पूर्ण देशकै स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याउने धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, विश्वविद्याल अनुदान आयोग, नेपाल स्वास्थ्य अनुसन्धान परिषद, विभिन्न निकायका अनुसन्धानकर्ता तथा विषय विज्ञहरूको उपस्थिति थियो ।

कार्यक्रममा अनुसन्धान परियोजनाका अनुसन्धानकर्ता डा. रन्जु खरेल सिटौला, डा. प्रताप कार्की र डा. दयाराम भुसालले हालसम्म प्राप्त उपलब्धि र आगामी कार्ययोजनाबारे जानकारी गराउनुभएको थियो । कार्यक्रमको सञ्चालन स्नेहा कार्कीले गर्नुभएको थियो।

शापु मेडिकल अध्ययनमा सन् २०२३ को महामारीका ६३ वटा र २०२४ को छिटफुट प्रकोपका १८ वटा केसको विश्लेषण गरिएको थियो । यो अध्ययन जनसांख्यिक ढाँचा, क्लिनिकल विशेषता र प्रयोगशाला परीक्षणहरूमा केन्द्रित थियो । शापु कीटविज्ञान अध्ययनमा २०० भन्दा बढी शापुको संकलन, पहिचान र DNA बारकोडिङ सहित् यसको जीवनचक्र, बासस्थान, जैव-जलवायु उपयुक्तता, आहार बानी र प्राकृतिक दुश्मनहरूको अध्ययन गरिएको थियो । यस रोगका बिरामीका आँखाको स्वाब, नियन्त्रण नमूना र पतिंगा काँडानुमा रहेका जैवरासायनिक पदार्थहरूको तुलना पनि गरिएको थियो ।

अध्ययनको निष्कर्षअनुसार शापुका केसहरू मुख्यतः गण्डकी, वागमती र कोशी प्रदेशमा बढी देखिएका छन् । बिरामीको औसत उमेर २०.९ वर्ष छ । सन् २०२४ मा पहिलो पटक जोर वर्षमा पनि प्रकोप देखिनुले रोगको महामारीको स्वरूप परिवर्तन हुँदै गएको देखायो। तापक्रम, आर्द्रता र होस्ट बोट (अल्नस नेपालेन्सिस)को उपलब्धतासँग पतिंगाको उपस्थितिको गहिरो सम्बन्ध भएको पाइएको छ । जलवायु परिवर्तनसँगै पतिंगाको फैलावट अन्य प्रदेशहरूमा पनि विस्तार हुने सम्भावना देखिएको छ ।

अनुसन्धानले शापु र गाजालिना क्राइसोलोफा बीचको सम्बन्धबारे हालसम्मकै सबभन्दा ठोस प्रमाण प्रस्तुत गरेको र वातावरणीय तथा जैविक कारणहरू कसरी एकआपसमा क्रियाशील भएर अन्धोपन ल्याउँछन् भन्ने स्पष्ट पारेको छ । यो अनुसन्धानको नतिजाले लक्षित जनस्वास्थ्य रणनीति, प्रमाण–आधारित उपचार र पतिंगा नियन्त्रणका स्थायी उपायहरू विकास गर्न मार्ग प्रशस्त गरेको छ।

# परा-हिमालय सञ्चार तथा सामाजिक सङ्गोष्ठी

मंसिर २२ गते त्रिभुवन विश्वविद्यालय आमसञ्चार तथा पत्रकारिता केन्द्रीय विभाग एवम् चीनका युनिभर्सिटी अफ इलेक्ट्रोनिक साइन्स एण्ड टेक्नोलोजी र कङ्वा टेलिभिजन तथा नेपालको हिमालयन टेलिभजनको संयुक्त आयोजनामा तेस्रो परा–हिमालय सञ्चार तथा सामाजिक सङ्गोष्ठी सम्पन्न भएको छ । गोष्ठीमा चीन, भारत, पाकिस्तान, बाङ्गलादेश, भुटान र संयुक्त राज्य अमेरीकाका ख्यातीप्राप्त प्राज्ञिक समुदायको सहभागिता थियो ।

बल्खुहाइटस्थित आमसञ्चार तथा पत्रकारिता केन्द्रीय विभागको क्यामेरा भवनमा आयोजित गोष्ठीमा उद्घाटन सम्बोधन गर्दै त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक अर्यालले मित्रराष्ट्र चीनका प्रख्यात विश्वविद्यालयहरू एवम् सामाजिक र वैज्ञानिक अनुसन्धान केन्द्रसँग त्रिभुवन विश्वविद्यालयको निकै गहिरो पारस्परिक प्राज्ञिक तथा अनुसन्धानात्मक सहकार्य हुँदै आइरहेको र विश्वका अन्य मुलुकहरूका उच्चशिक्षा प्रदायक निकायहरूसँग समेत् त्रिविले सहकार्य गर्दै अन्तराष्ट्रिय सेमिनार तथा गोष्ठी आयोजना गर्दै आइरहेको बताउनुभयो ।

"विश्वकै ठूलो र नेपालको अग्रणी विश्वविद्यालय हुनाले त्रिभुवन विश्वविद्यालयसँग जटिलतासँगै प्रशस्त सम्पर्क र सम्बन्धहरू निर्माण भएका छन्," उहाँले भन्नुभयो, "तिनै सम्पर्क र सम्बन्धमा आधारित कार्यक्रमहरू नै अहिले कार्यान्वयको अवस्थामा छन् । यस्तै आपसी सञ्चार र सम्पर्कले नै सामाजिक सम्बन्ध र क्रियाकलापलाई व्यवस्थित र प्रभावकारी बनाउँदछन्।"

त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी.ले "बदलिँदो भूराजनीतिक गतिशिलता र विश्वसमुदायको चेतना" शीर्षकमा आफ्नो धारणा व्यक्त गर्दै देशका आर्थिक र राजनीतिक साथै सामाजिक र सांस्कृतिक विकास एवम् प्रगतिमा भूराजनीतिक परिवेशले महत्वपूर्ण भूमिका

निर्वाह गर्ने गरेको उल्लेख गर्नुभयो । उहाँको धारणा थियो, "सञ्चार र सामाजिक सम्पर्क तथा सम्बन्धले राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा जटील र दूरगामी प्रभाव पार्ने संकटलाई समेत् व्यवस्थापन गर्न सक्दछ । नेपाल जस्तो सानो र विकासशील राष्ट्रले अन्तरराष्ट्रिय सम्पर्क र सञ्चारको रणनीतिक उपयोग गर्नसक्नु पर्दछ ।" तेस्रो र चीनबीच ७० वर्षको कुटनीतिक तथा मित्रवत सम्बन्धको अवसरमा आयोजित तेस्रो परा-हिमालय सञ्चार तथा सामाजिक सङ्गोष्ठी यस क्षेत्रका जनताबीच परस्पर साँस्कृतिक मान्यता तथा दृष्टिकोणहरू आदान-प्रदान गर्नुका साथै दिगो सामाजिक सम्बन्ध निर्धारणका लागि कोशेढुंगा साबित हुने अपेक्षा गरिएको बताउनु भयो । उपकार्यकारी सम्पादक लि युआन्जाइले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । संयुक्त राज्य अमेरिकास्थित टेक्सास विश्वविद्यालयका अरविन्द सिंघल, त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी., छिङ्हुआ विश्वविद्यालयका प्राध्यापक चेन चानफेङ, भारतको जवाहरलाल नेहरू विश्वविद्यालयका मानुकोंडा रवीन्द्रनाथ,



*तेस्रो परा-हिमालय सञ्चार तथा सामाजिक सङ्गोष्ठीको उद्घाटन समारोहका सहभागीहरू ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

परा-हिमालय सञ्चार तथा सामाजिक सङ्गोष्ठीले त्रिभुवन विश्वविद्यालय र युनिभर्सिटी अफ इलेक्ट्रोनिक्स साइन्स एण्ड टेक्नोलोजीका बीच निरन्तर प्राज्ञिक क्षमताको आदान-प्रदान भइरहने अपेक्षा पनि उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा युनिभर्सिटी अफ इलेक्ट्रोनिक साइन्स एण्ड टेक्नोलोजीका स्कूल अफ पब्लिक एडमिनिस्ट्रेशनका डीन प्राध्यापक हाङ ह्वोङले नेपाल

गोष्ठी उद्घाटन सत्रका सभापति तथा त्रिवि आमसञ्चार तथा पत्रकारिता केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. कुन्दन अर्यालले गोष्ठीका बारेमा जानकारी दिंदै यसमा अन्तरदेशीय सञ्चार र सम्पर्क निर्माणमा महत्वपूर्ण छलफल र चर्चा हुने स्पष्ट गर्नुभयो । उद्घाटन कार्यक्रममा हिमालयन टेलिभिजनका कार्यकारी अधिकृत गोविन्द ढकालका साथै सिचुवान रेडियो तथा टेलिभिजनका बाङ्गलादेशको ढाका विश्वविद्यालयका प्राध्यापक तैबुर रहमान, भूटानको शाही सरकार, सूचना तथा सञ्चार विभागका दावा पेन्जोर, पाकिस्तानको पञ्जाब विश्वविद्यालयका अबिदा अशरफ, जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (JICA) मा कार्यरत हिरोयुकी ताइरा र भारतको कुमाऊँ विश्वविद्यालयका दीपिका पन्तले सङ्गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# अनिवार्य अवकाश

| शिक्षक-कर्मचारीको नाम | पद | कार्यालयको नाम | अवकाश मिति |
|---|---|---|---|
| श्री हरीप्रसाद सुवेदी | सह-प्राध्यापक | पृथ्वीनारायण क्याम्पस, पोखरा | २०८२।०४।०१ |
| डा. दिपक गौतम | उप-प्राध्यापक | सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत | २०८२।०४।०३ |
| श्री सोभन लाल अमात्य | शाखा अधिकृत | रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | २०८२।०४।०५ |
| प्रा.डा. दीप बहादुर अधिकारी | प्राध्यापक | शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर | २०८२।०४।०८ |
| श्री रविन्द्ररत्न तुलाधर | सह-प्राध्यापक | पाटन संयुक्त क्याम्पस, पाटनढोका | २०८२।०४।०९ |
| श्री उपेन्द्र पौडेल | सह-प्राध्यापक | पृथ्वीनारायण क्याम्पस, पोखरा | २०८२।०४।११ |
| श्री भीमबहादुर बस्नेत | उप-प्राध्यापक | महेन्द्र बहुमुखी क्याम्पस, धरान | २०८२।०४।१५ |
| डा. आमोद कुमार पौड्याल | प्राध्यापक | जनस्वास्थ्य केन्द्रीय विभाग, कीर्तिपुर | २०८२।०४।१६ |
| डा. नारायण शर्मा गैरे | सह-प्राध्यापक | रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | २०८२।०४।१६ |
| श्री दीपा पन्थी ढुङ्गाना | सह-प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस, वागबजार | २०८२।०४।१७ |
| श्री इन्दु मैया राजोपाध्याय | मु.कार्यालय सहायक | विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय | २०८२।०४।१७ |
| श्री सिरमाया महर्जन | कार्यालय सहयोगी | कर्मचारी प्रशासन महाशाखा, कीर्तिपुर | २०८२।०४।१७ |
| डा. बद्रि नारायण गौतम | प्राध्यापक | इतिहास केन्द्रीय विभाग, कीर्तिपुर | २०८२।०४।१९ |
| श्री बलबहादुर गायक | कार्यालय सहयोगी | लमजुङ्ग क्याम्पस, सुन्दरबजार | २०८२।०४।२० |
| श्री नारायणप्रसाद गौतम | कार्यालय सहयोगी | शिक्षण अस्पताल, महराजगञ्ज | २०८२।०४।२० |
| श्री कृष्णराज अधिकारी | सह-प्राध्यापक | पश्चिमाञ्चल क्याम्पस, पोखरा | २०८२।०४।२१ |
| श्री नारायणप्रसाद सापकोटा | शाखा अधिकृत | धवलागिरि बहुमुखी क्याम्पस, धवलागिरि | २०८२।०४।२५ |
| श्री श्रीभद्र ढकाल | मु.लेखा सहायक | कृषि र पशु विज्ञान अध्ययन संस्थान, रामपुर | २०८२।०४।२९ |
| श्री भोजराज राउत | शाखा अधिकृत | परीक्षा नियन्त्रण कार्यालय, बल्खु | २०८२।०४।२९ |
| श्री राम बहादुर मगर | कार्यालय सहयोगी | धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | २०८२।०४।२९ |
| श्री सीता श्रेष्ठ | टाईपिष्ट क | भैरहवा बहुमुखी क्याम्पस, भैरहवा | २०८२।०४।३० |
| श्री बन्दना श्रेष्ठ (वैद्य) | सह-प्राध्यापक | महेन्द्र बहुमुखी क्याम्पस, धरान | २०८२।०४।३० |
| श्री खगराज आचार्य | उप-प्राध्यापक | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन | २०८२।०४।३० |
| श्री नवराज पौडेल | कार्यालय सहयोगी | मेची बहुमुखी क्याम्पस, झापा | २०८२।०४।३० |
| श्री दामोदर रिजाल | सह-प्राध्यापक | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन | २०८२।०४।३२ |
| प्रा.डा. विनोद पोखरेल | प्राध्यापक | मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर | २०८२।०५।०१ |
| श्री दिनानाथ पाण्डे | सि.ल्याब ब्वाई | त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा | २०८२।०५।०२ |
| श्री देवीप्रसाद घिमिरे | उप-प्राध्यापक | रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | २०८२।०५।०३ |

# अनिवार्य अवकाश

| शिक्षक-कर्मचारीको नाम | पद | कार्यालयको नाम | अवकाश मिति |
|---|---|---|---|
| श्री मानबहादुर भट्ट | सह-प्रशासक | त्रिवि छापाखाना, कीर्तिपुर | २०८२।०५।०३ |
| श्री सन्ध्या भट्टराई दाहाल | मु.कार्यालय सहायक | सुविधा तथा निवृत्तिभरण शाखा, कीर्तिपुर | २०८२।०५।०३ |
| प्रा.डा. कृष्णप्रसाद बस्याल | प्राध्यापक | नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग | २०८२।०५।०४ |
| श्री मुरारीकृष्ण गौतम | सह-प्राध्यापक | सरस्वती बहुमुखी क्याम्पस, लेखनाथमार्ग | २०८२।०५।०४ |
| श्री महेशप्रसाद अधिकारी | सह-प्राध्यापक | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन | २०८२।०५।०५ |
| श्री शशि गड्तौला | कार्यालय सहयोगी | प्रिन्सिपलको कार्यालय, कीर्तिपुर | २०८२।०५।०५ |
| श्री मधुसुदन विष्ट | कार्यालय सहयोगी | महेन्द्ररत्न क्याम्पस, ताहाचल | २०८२।०५।०५ |
| श्री अरविन्द श्रीवास्तव | सह-प्राध्यापक | रामपुर क्याम्पस, खैरहनी | २०८२।०५।०८ |
| श्री केशवकुमार थापा | मु.कार्यालय सहायक | पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुर | २०८२।०५।०८ |
| प्रा.डा. पारसनाथ यादव | प्राध्यापक | पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुर | २०८२।०५।०९ |
| श्री खडानन्द उपाध्याय | कार्यालय सहयोगी | पश्चिमाञ्चल क्याम्पस, पोखरा | २०८२।०५।१० |
| श्री नेत्रप्रसाद नेपाल | उप-प्राध्यापक | मेची बहुमुखी क्याम्पस, भद्रपुर | २०८२।०५।११ |
| प्रा.डा. सरोजप्रसाद ओझा | प्राध्यापक | महाराजगञ्ज चिकित्सा क्याम्पस, महाराजगञ्ज | २०८२।०५।१३ |
| श्री विश्वराज खतिवडा | उप-प्राध्यापक | भक्तपुर बहुमुखी क्याम्पस, भक्तपुर | २०८२।०५।१४ |
| श्री तेजप्रसाद उपाध्याय घिमिरे | कार्यालय सहयोगी | महाराजगञ्ज चिकित्सा क्याम्पस, महाराजगञ्ज | २०८२।०५।१४ |
| डा. शरदचन्द्र ठाकुर | सह-प्राध्यापक | अनुगमन निर्देशनालय, कीर्तिपुर | २०८२।०५।१५ |
| श्री केशवकुमार आचार्य | उप-प्राध्यापक | महेन्द्र बहुमुखी क्याम्पस, दाङ्ग | २०८२।०५।२० |
| श्री नत्थुप्रसाद बास्कोटा | शाखा अधिकृत | थापाथली क्याम्पस, थापाथली | २०८२।०५।२२ |
| श्री राजेन्द्र मानन्धर | मु.कार्यालय सहायक | पुल्चोक क्याम्पस, पुल्चोक | २०८२।०५।२८ |
| श्री घनानाथ खनाल | कार्यालय सहयोगी | वी.पी. कोईराला लायन्स नेत्र अध्ययन केन्द्र, महाराजगञ्ज | २०८२।०५।२८ |
| श्री अमरेन्द्र कुमार सिंह | सह-प्राध्यापक | बुटवल बहुमुखी क्याम्पस, बुटवल | २०८२।०५।३० |
| श्री रोशनी बस्न्यात मिश्र | मु.कार्यालय सहायक | विश्वभाषा क्याम्पस, प्रदर्शनीमार्ग | २०८२।०५।३० |
| श्री चन्देश्वर दास | कार्यालय सहयोगी | महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस, विराटनगर | २०८२।०५।३१ |


**प्रकाशक** : त्रिभुवन विश्वविद्यालय, सूचना तथा जनसम्पर्क महाशाखा, कीर्तिपुर, फोन नं. ४३३०३४६

**इमेल** : info@tu.edu.np

**वेबसाइट** : www.tu.edu.np

**सम्पादक** : लिल्ली थापा क्षेत्री

**सम्वाददाता** : कृष्णप्रसाद वस्ताकोटी

**कम्प्युटर डिजाइन** : सरोज महर्जन

**मुद्रक** : त्रिवि छापाखाना, कीर्तिपुर